CE901 – 12/2025 – Nepali | नेपाली

# नमुना पत्र मात्र




आदरणीय <नाम> ज्यू,

**तपाईंले आफ्नो अर्को नि:शुल्क आन्द्रा (bowel) को क्यान्सर स्क्रिनिङ्ग किट २ वर्षमा प्राप्त गर्नुहुनेछ।**

हाम्रो अभिलेख अनुसार तपाईंको विगत २ वर्षमा कोलोनोस्कोपी (ठूलो आन्द्राको भित्री जाँच गर्ने परीक्षण) गरेको देखाउँछ। कोलोनोस्कोपी पश्चात, तपाईंको आउदै गरेको आन्द्रा परीक्षण नगराउँदा पनि सुरक्षित मानिने कुरा चिकित्सकीय निर्देशनहरूले सिफारिस गर्दछ।

यसको अर्थ तपाईंले अर्को २ वर्षसम्म स्क्रिनिङ्ग किट प्राप्त गर्नुहुने छैन।

- यदि तपाईंले अहिले फेरि परीक्षण गराउन चाहनु भयो भने, तपाईंले आफ्नो किट हुलाक मार्फत पठाइदिन **www.ncsr.gov.au/boweltest** मा सम्पर्क गरेर वा 1800 627 701 मा फोन गरेर अनुरोध गर्न सक्नुहुन्छ।
- यदि तपाईंको डाक्टरले कोलोनोस्कोपीको निरन्तर अनुगमन (कोलोनोस्कोपीको निगरानी) गर्न सिफारिस गरेको खण्डमा, अनावश्यक किटहरू प्राप्त गर्नु भन्दा कृपया आफ्नो सहभागितालाई स्थगित गर्नुहोस् वा रद्द गर्नुहोस्। तपाईंले यो **www.ncsr.gov.au/manage-participation** मा गएर अद्यावधिक गर्न सक्नुहुन्छ वा 1800 627 701 मा फोन गर्न सक्नुहुन्छ।

यदि तपाईं ढुक्क हुनुहुन्न भने, तपाईंको लागि के ठिक हुन्छ भन्ने बारेमा आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्। तपाईंको परीक्षणका विकल्पहरू बारेमा सल्लाह लिन तपाईंको डाक्टर वा विशेषज्ञ सबैभन्दा उत्तम हुन्छन्।

तपाईंको डाक्टरसँगको छलफललाई मद्दत गर्न तपाईंले संलग्न जानकारी पत्र प्रयोग गर्न सक्नुहुन्छ।

भवदीय,

राष्ट्रिय आन्द्राको क्यान्सर स्क्रिनिङ्ग कार्यक्रम

**आन्द्राको क्यान्सर स्क्रिनिङ्गको बारेमा थप जानकारीका लागि**

www.health.gov.au/nbcsp मा जान यो QR कोड स्क्यान गर्नुहोस्।

राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रजिष्टर www.ncsr.gov.au मा जानुहोस् वा 1800 627 701 मा फोन गर्नुहोस्।

हामीले तपाईंको व्यक्तिगत जानकारी कसरी प्रयोग गरिरहेका छौँ: www.ncsr.gov.au/privacy मा हेर्नुहोस्

Australian Government

NATIONAL BOWEL CANCER SCREENING PROGRAM

## डाक्टर/बिरामी छलफल सहयोगार्थ जानकारी

तपाईंको बिरामीले विगत २ वर्षमा कोलोनोस्कोपी गराएको कुरा हाम्रो तथ्याङ्कले देखाउँछ त्यसैले आन्द्रा परीक्षणको एउटा चरण छोड्न मिल्छ। यसको अर्थ उनीहरूले स्क्रिनिङ्ग किट अर्को २ वर्षसम्म प्राप्त गर्ने छैनन्, उनीहरूको अर्को परीक्षण गर्ने बेला सम्म।

यदि हालै गरिएको कोलोनोस्कोपीले कोलोनोस्कोपीको निगरानी आवश्यक नभएको देखाएको खण्डमा व्यक्तिले आफ्नो अर्को आन्द्रा परीक्षण नगर्न सक्नुहुन्छ जुन चिकित्सकीय निर्देशनको सिफारिससँग मेल खान्छ।

यद्यपि, यदि उनीहरू अहिले फेरि परीक्षण गर्न चाहन्छन् भने, उनीहरूले आफ्नो किट हुलाक मार्फत पठाइदिन अनुरोध गर्न सक्छन्। तपाईंले उनीहरूको तर्फबाट पनि किट अनुरोध गरिदिन सक्नुहुन्छ।

| **सम्भावित स्वास्थ्य सेवा प्रदायक कार्य विवरणहरू** | |
|---|---|
| **यदि तपाईंको बिरामीले परीक्षणको एउटा चरण छुटाउनु पर्‍यो भने** | **कुनै कदम चाल्नु पर्दैन।** अर्को परीक्षण गर्ने बेला भए पछि कार्यक्रम मार्फत तपाईंको बिरामीलाई अर्को २ वर्षमा स्क्रिनिङ्ग किट पठाइनेछ। |
| **यदि तपाईंको बिरामीले हरेक २ वर्षमा परीक्षण गरिरहनुपर्‍यो भने** | उनीहरूको तर्फबाट तपाईंले **www.ncsr.gov.au/boweltest** मार्फत, 1800 627 701 मा फोन गरेर वा आफ्नो एकीकृत क्लिनिकल सफ्टवेयर वा राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रेजिस्टर स्वास्थ्य सेवा प्रदायक पोर्टल मार्फत किट अनुरोध गरिदिन सक्नुहुन्छ। |
| **यदि तपाईंको बिरामीले परीक्षण अस्थायी रूपमा स्थगित गर्नु पर्‍यो भने** | 1800 627 701 मा फोन गरेर हामीलाई स्थगित समयसीमाको बारेमा जानकारी दिनुहोस्, वा तपाईंको एकीकृत क्लिनिकल सफ्टवेयर वा राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रेजिस्टर स्वास्थ्य सेवा प्रदायक पोर्टल मार्फत अद्यावधिक गराउनुहोस्। |
| **यदि तपाईंको बिरामीले स्थायी रूपमा परीक्षणबाट बाहिरिन पर्‍यो भने** | 1800 627 701 मा फोन गर्नुहोस् वा तपाईंको एकीकृत क्लिनिकल सफ्टवेयर वा राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रेजिस्टर स्वास्थ्य सेवा प्रदायक पोर्टल मार्फत अद्यावधिक गराउनुहोस्। |
| तपाईंको बिरामीले 1800 627 701 मा फोन गरेर वा **www.ncsr.gov.au/manage-participation मा रहेको राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रेजिस्टर सहभागी पोर्टल मार्फत आफ्नो सहभागिता व्यवस्थापन गर्न सक्नुहुन्छ।** | |

| | |
|---|---|
| **चिकित्सकीय निर्देशन** | राष्ट्रिय आन्द्राको क्यान्सर स्क्रिनिङ्ग कार्यक्रमलाई *कोलोरेक्टल क्यान्सरको रोकथाम, प्रारम्भिक पहिचान र व्यवस्थापनको लागि चिकित्सकीय अभ्यास निर्देशनहरू (Clinical Practice Guidelines)* (२०२३ मा अद्यावधिक गरिएको) द्वारा सूचित गरिएको छ - **www.cancer.org.au/go/clinical-guidelines-bowel**। |
| | कोलोनोस्कोपी पश्चातको तपाईंको बिरामीको परीक्षण कार्यक्रमको लागि उपयुक्तता निर्धारण गर्न, कृपया कोलोनोस्कोपीको निगरानी (Surveillance Colonoscopy) को लागि चिकित्सकीय अभ्यास निर्देशनहरू (Clinical Practice Guidelines) हेर्नुहोस् - **www.cancer.org.au/go/clinical-guidelines-bowel-surveillance**। |

**आन्द्राको क्यान्सर स्क्रिनिङ्गको बारेमा थप जानकारीका लागि**

www.health.gov.au/nbcsp मा जान यो QR कोड स्क्यान गर्नुहोस्।

राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रजिष्टर www.ncsr.gov.au मा जानुहोस् वा 1800 627 701 मा फोन गर्नुहोस्।

हामीले तपाईंको व्यक्तिगत जानकारी कसरी प्रयोग गरिरहेका छौं: www.ncsr.gov.au/privacy मा हेर्नुहोस्